**नेपाल राष्ट्र बैंक**
**राष्ट्र ऋण व्यवस्थापन विभाग**
**थापाथली, काठमाडौं**

## ब्याजदर करिडोर सम्बन्धी कार्यविधि, २०७४

अल्पकालीन ब्याजदरमा आउने उतारचढावलाई न्यूनीकरण गर्दै ब्याजदर स्थायित्व कायम गर्ने र मौद्रिक व्यवस्थापनलाई आधुनिकीकरण गर्ने उद्देश्यले आ.व.२०७३/७४ को मौद्रिक नीतिमा ब्याजदर करिडोरको व्यवस्था गरिएको थियो । उक्त व्यवस्थालाई क्रमशः लागू गर्ने क्रममा दुई हप्ता अवधिको निक्षेप संकलन तथा रिपो उपकरण जारी गर्ने सम्बन्धी कार्यविधि, २०७३ श्रीमान् गभर्नरज्यूबाट मिति २०७३/०४/२३ मा स्वीकृत भई कार्यान्वयनमा रहेको छ । आ.व. २०७४/७५ को मौद्रिक नीति मार्फत उक्त ब्याजदर करिडोर पद्धतिमा समयसापेक्ष परिवर्तन गरिएको सन्दर्भमा सो नीतिमा उल्लिखित व्यवस्थाहरुलाई समावेश गरी नयाँ ब्याजदर करिडोर कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंक (दोस्रो संशोधन) ऐन, २०७३ को दफा ११० को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको ब्याजदर करिडोर सम्बन्धी कार्यविधि, २०७४ जारी गरी लागु गरिएको छ ।*

१. मौद्रिक नीतिका उद्देश्य तथा वित्तीय बजारको अवस्थालाई मध्यनजर गर्दै तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले इंगित गर्ने तरलताको आधारमा ब्याजदर करिडोर मार्फत् तरलता प्रवाह तथा प्रशोचन गरिनेछ ।

२. ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा स्थायी तरलता सुविधाको दर ७ प्रतिशत रहेको छ ।

३. ब्याजदर करिडोर अन्तर्गत दुई हप्ता अवधिको रिपो दर नीतिगत दरको रुपमा ५ प्रतिशत रहेको छ ।

४. ब्याजदर करिडोरको तल्लो सीमाको रुपमा दुई हप्ता अवधिको निक्षेप संकलनको दर ३ प्रतिशत रहेको छ ।

५. ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा रहेको स्थायी तरलता सुविधा प्रदान गर्नको निमित्त स्थायी तरलता सुविधा सम्बन्धी कार्यविधि, २०७३ अनुसारका प्रक्रियाहरु अवलम्बन गरिनेछ ।

**६. ब्याजदर करिडोर अन्तर्गत तरलता प्रवाह (Inject) गर्नका लागि दुई हप्ता अवधिको रिपो उपकरण निम्नानुसारको कार्यविधि अवलम्बन गरी जारी गरिनेछ ।**

(क) ५ प्रतिशत ब्याजदरमा आवश्यकता अनुसारको परिमाणमा बोलकबोलको माध्यमबाट रिपो जारी गर्ने ।

(ख) रिपो बोलकबोल आह्वान गरिएको सूचना नेपाल राष्ट्र बैंकको वेबसाइट तथा Online System को माध्यमबाट प्रकाशित गर्ने ।

(ग) बोलकबोलमा यस बैंकले काउण्टरपार्टी भनी तोकेका “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुले मात्र भाग लिन पाउने ।

(घ) रिपो बोलकबोल कारोबारमा सहभागी हुन चाहने काउण्टरपार्टीले अनिवार्य रुपमा यस बैंकसँग माष्टर रिपर्चेज एग्रीमेण्ट गरेको हुनु पर्ने ।

---

* यो कार्यविधि मिति २०७४/०७/१७ मा श्रीमान् गभर्नरज्यूबाट स्वीकृत भई लागू गरिएको हो ।

(ङ) रिपो उपकरण प्रयोग गर्नको लागि तोकिए बमोजिमका सुरक्षणपत्र (ट्रेजरी बिल, विकास ऋणपत्र तथा नेपाल राष्ट्र बैंक ऋणपत्र) धितो राख्नु पर्ने ।

(च) रिपो बोल गर्दा काण्टरपार्टीले लिन चाहेको बोल रकम उल्लेख गर्नुपर्ने तथा धितो राख्न चाहेको सुरक्षणपत्रको विवरण समेत उल्लेख गर्नुपर्ने ।

(छ) बोलकबोलमा न्यूनतम रु.१ करोड वा रु.१ करोडले भाग जाने अधिकतम आह्वान रकमसम्म बोल गर्न सकिने ।

(ज) आह्वान रकमभन्दा बढीको बोल पर्न आएमा समानुपातिकको आधार (Pro-rata basis) मा बाँडफाँट गर्ने ।

(झ) आह्वान गरिएको बोल रकममध्ये सम्पूर्ण वा आंशिक बोल स्वीकार वा अस्वीकार गर्ने अधिकार खुला बजार कारोबार सञ्चालन समितिमा रहने ।

(ञ) बोलकबोलमा सफल काउण्टरपार्टीले बाँडफाँट रकमको ११० प्रतिशत रकम बराबरको यस बैंकले तोकेका सुरक्षणपत्रको सक्कलै प्रति धितो स्वरुप यस बैंकमा बुझाउनु पर्ने ।

(ट) रिपो उपकरण निष्काशन मितिमा सफल काउण्टरपार्टीले पेश गरेको सुरक्षणपत्र रोक्का राखी सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खातामा बाँडफाँट अनुसारको रकम जम्मा गर्ने ।

(ठ) यो उपकरणको भुक्तानी मितिमा सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खाता खर्च गरी साँवा तथा ब्याज रकम भुक्तानी लिने र धितो लिएका सुरक्षणपत्रहरुको रोक्का फुकुवा गर्ने ।

(ड) यस उपकरणको भुक्तानी मितिमा सम्बन्धित काउण्टरपार्टीको खातामा पर्याप्त मौज्दात नभएमा माष्टर रिपर्चेज एग्रीमेण्टमा भएको व्यवस्था अनुरुप हुने ।

७. **ब्याजदर करिडोर अन्तर्गत तरलता प्रशोचन (Mop-up) गर्नका लागि दुई हप्ता अवधिको निक्षेप संकलन उपकरण निम्नानुसारको कार्यविधि अवलम्बन गरी जारी गरिनेछ ।**

(क) ३ प्रतिशत ब्याजदरमा आवश्यकता अनुसारको परिमाणमा बोलकबोलको माध्यमबाट निक्षेप संकलन गर्ने ।

(ख) निक्षेप संकलन आह्वानको सूचना नेपाल राष्ट्र बैंकको वेबसाईट तथा Online System को माध्यमबाट प्रकाशित गर्ने ।

(ग) बोलकबोलमा यस बैंकले काउण्टरपार्टी भनी तोकेका "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले मात्र भाग लिन पाउने ।

(घ) बोलकबोलमा न्यूनतम रु.१ करोड वा रु.१ करोडले भाग जाने अधिकतम आह्वान रकमसम्म बोल गर्न सकिने ।

(ङ) काउण्टरपार्टीले बोल गर्दा आफूले निक्षेप वापत जम्मा गर्न चाहेको रकम उल्लेख गर्नुपर्ने ।

(च) आह्वान रकमभन्दा बढीको बोल पर्न आएमा समानुपातिकको आधार (Pro-rata basis) मा बाँडफाँट गर्ने ।

(छ) आह्वान गरिएको बोल रकममध्ये सम्पूर्ण वा आंशिक बोल स्वीकार वा अस्वीकार गर्ने अधिकार खुला बजार कारोबार सञ्चालन समितिमा रहने ।

(ज) स्वीकृत भएका बोल वापतको रकम यस बैंकमा रहेको सम्बन्धित काउण्टरपार्टीको खाताबाट खर्च गरिने र यसरी संकलित रकमलाई सो प्रयोजनको लागि खोलिएको अलग्गै खातामा राखी लेखाङ्कन गरिने ।

(झ) बोल स्वीकृत भएका काउण्टरपार्टीको खातामा सो उपकरण निष्काशन गरिने दिनमा बोल बराबरको रकम नभएमा त्यस्ता काउण्टरपार्टीलाई कालोसूचीमा राखी पछिल्ला बोलकबोलमा सहभागी हुन बन्देज लगाउन सकिने ।

(ञ) निक्षेप संकलन बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीलाई सो को निस्सा दिइने ।

(ट) संकलित निक्षेपको भुक्तानी अवधि समाप्त भए पछि यस बैंकले ब्याज सहित निक्षेप रकम सम्बन्धित काउण्टरपार्टीको खातामा जम्मा गर्ने ।

(ठ) संकलित निक्षेप रकम भुक्तानी मिति अगावै सम्बन्धित काउण्टरपार्टीलाई फिर्ता नहुने ।

(ड) निक्षेप संकलन उपकरण प्रयोग गर्नको लागि सुरक्षणपत्र धितो राख्नु नपर्ने ।

(ढ) निक्षेप संकलन गरिएको रकम सम्बन्धित काउण्टरपार्टीको लगानी Portfolio हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न नपाइने तर, यस बैंकको निर्देशन बमोजिम कायम राख्नु पर्ने वैधानिक तरलता अनुपात (SLR) तथा Liquidity Ratio मा गणना गर्न पाइने ।

८. ब्याजदर करिडोर अन्तर्गत जारी गरिने उपकरणहरुको परिमाण तथा सीमाका सम्बन्धमा खुला बजार कारोबार सञ्चालन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

९. तरलता स्थितिको आधारमा गरिने खुला बजार कारोबारमध्ये ब्याजदर करिडोर अन्तर्गतका उपकरणहरुको प्रतिशत निर्धारण गर्ने अधिकार खुला बजार कारोबार सञ्चालन समितिमा रहनेछ ।

१०. यस कार्यविधिमा कुनै द्विविधा उत्पन्न भएमा खुला बजार कारोबार सञ्चालन समितिले व्याख्या वा निर्णय गरे बमोजिम हुनेछ ।

११. दुई हप्ता अवधिको निक्षेप संकलन तथा रिपो उपकरण जारी गर्ने सम्बन्धी कार्यविधि, २०७३ खारेज गरिएको छ ।